# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

# २०७९

## बुङ्गल नगरपालिका

## बझाङ




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७९ आषाढ

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं.३४६
मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
बुङ्गल नगरपालिका,
बझाङ ।

**कैफियत सहितको राय**

हामीले बुङ्गल नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु.१२ करोड २५ लाख २८ हजार बेरुजु देखिएको छ । सो मध्ये मिति २०७८।१२।८ मा प्राप्त प्रतिकृयाबाट रु.३८ लाख ८८ हजार फर्स्यौट भई असुल गर्नुपर्ने रु.८१ लाख ७३ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.९ करोड ७८ लाख ९४ हजार, नियमित गर्नुपर्ने रु.३६ लाख ४२ हजार र पेश्की रु.९० लाख ३० हजार बाँकी बेरुजु रहेको छ । पालिकाको गत वर्षसम्म रु.१७ करोड ४४ लाख ३८ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फर्स्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.२९ करोड ३१ लाख ५२ हजार रहेको छ । पालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**
२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूत रूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

बुङ्गल नगरपालिका,बझाङ

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ५७ | ४७ | १२२५२८ | ० | १ | ३८८८ | ५८ | ४६ | ११८७३९ | ८१७३ | ३६४२ | ९७८९४ | ० | ० | १०१५३६ | ९०३० |

## अद्यावधिक बेरुजु स्थिति
## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| १७४४३८ | ० | २५ | १७४४१३ | ० | ११८७३९ | २९३१५२ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : बुंगल नगरपालिका, बझाङ , बुन्गल नगरपालिका , बझाङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | देवराज जोशी | २०७८-१०-११ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | भरत बहादुर रोकाया | २०७७-४-१ | |
| कार्यालय प्रमुख | भरत बहादुर रोकाया | २०७७-४-१ | |
| लेखा प्रमुख | गजाधर सार्की | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ११८,७३९,६१७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ७,५४,२७,८११ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४९,४७,१९,३५० | **चालु खर्च** | ४६,६१,४९,९७८ |
| **प्रदेश सरकारबाट अनुदान** | २,७२,२३,००० | **पूँजीगत खर्च** | २१,३१,०७,००० |
| **राजश्व बाँडफाँट** | १०,२३,३३,००० | **वित्तीय/अन्य व्यवस्था** | १२,१७,८८,१३० |
| **आन्तरिक आय** | १६,५०,००० | | |
| **अन्य आय** | १६,५५,९२,४६१ | | |
| **कुल आय** | ७९,१५,१७,८११ | **कुल खर्च** | ८०,१०,४५,१०८ |
| **बाँकी मौज्दात** | | ६,५९,००,५१३.९५ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय-**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत ११ वडा, ५७ सभा सदस्य, ४४८वर्ग किलोमिटर क्षेत्रफल तथा ४२ हजार जनसंख्या रहेको छ ।<br><br>**वित्तीय विवरण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा दफा ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २ | | | **हिसाव मिलान-**<br>पालिकाले उपलब्ध गराएको आय व्यय अनुसार आय तर्फ हिसाब मिलान भनी रु ४२०८०७६२ राखेकोमा हिसाब मिलानको विवरण पेश भएको छैन । तसर्थ के कुन रकमको हिसाब मिलान गरेको हो सो को प्रमाण पेश गर्नुपर्ने रु | ४२,०८०,७६२ |
| ३ | | | **बैंक हिसाव मिलान नगरेको-**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने रु. | १०,२६९,३३३ |

| खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार असार मसान्तको बाँकी | फरक |
|---|---|---|---|
| स्थानीय सञ्चित कोष खाता | ४८२८२४६.१९ | ४८२८२४६.१९ | ० |
| चालु खाता | ४१८८३५९.८७ | १७०३१८२ | -२४८५१७८ |
| पूँजीगत खाता | ४२९७५४१ | ९०४४०३ | -३३९३१३८ |
| धरौटी खाता | ६३७०९३ | ६३७०९३ | ० |
| कोभिड कोष खाता | ४६३००५२ | २३९०३५ | -४३९१०१७ |
| आन्तरिक अनुदान खाता | ४४७८३९५० | ४४७८३९५० | ० |
| बाँडफाँडबाट प्राप्त राजस्व | ८२३३००.८९ | ८२३३००.८९ | ० |
| आन्तरिक राजस्व | १७११९७१ | १७११९७१ | ० |
| जम्मा | ६५९००५१३.९५ | ५५६३११८१.०८ | -१०२६९३३३ |

४

**आन्तरिक नियन्त्रण प्रणाली-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा लागू गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०53 को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।

• निजामती सेवा ऐन, 2049 को दफा ५क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाईएन ।

• निजामती सेवा ऐन, 2049 को दफा 7ख2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु. २८४३९६८६ खर्च लेखेको पाईयो ।

| | | | | |
|---|---|---|---|---|
| | | | • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | | | **लेखापरीक्षण प्रतिवेदन उपर छलफल-**<br>लेखापरीक्षण ऐन २०७५ को दफा २० मा महालेखापरीक्षकले जारी गरेको अन्तिम लेखापरीक्षण प्रतिवेदन स्थानीय तहको प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको सभामा पेश गरी छलफल गर्नु पर्ने र सभा सदस्यहरु मध्येबाट स्थानीय तहको कानून बमोजिम लेखा समिति गठन गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरुमा दफावार छलफल गर्नु पर्दछ । | |
| ६ | | | **कानून र सञ्चालन स्थिति-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस नगरपालिकाले हालसम्म ३ वटा ऐन, ५ वटा नियमावली, ७ वटा कार्यविधि लगायत १५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएकोछ । साथै पालिकाले १५ वटा कानूनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरेता पनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ७ | | | **कार्य सञ्चालन कार्यविधि-**<br><br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहको कार्य क्षेत्र निर्धारण गरेको छ र दफा १२ मा स्थानीय तहले आफ्नो कार्यक्षेत्र अन्तर्गतको काम कर्तव्य र अधिकार प्रयोग गर्न आवश्यक कानून कार्यविधि तथा मापदण्ड बनाई लागू गर्नु पर्ने व्यवस्था छ । पालिकाले ऐनको उल्लिखित प्रावधान अनुरुप कार्यविधि तथा मापदण्ड नबनाई निम्नानुसार कार्यक्रम संचालन गर्दै आएको छ । कार्यपालिका बाट कार्यविधि | |

| | | | | |
|---|---|---|---|---|
| | | | स्वीकृत गराएर कार्य गर्नु पर्दछ ।<br><br>\| क्र स \| कार्यक्रमको नाम \| रकम \|<br>\| १ \| जनतासँग मेयर कार्यक्रम \| १९१०००० \| | |
| ८ | | | **न्यायिक समिति-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी २५ र यो बर्ष थप भएको ४५ गरी कूल ७० विवाद दर्ता भएकोमा ३० वटा मात्र फछ्र्यौट भई ४० बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ९ | | | **योजना र कार्यान्वयन-**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहाय अनुसार छन्:<br><br>\| क्र. सं. \| विवरण \| योजना संख्या \| रकम \|<br>\| १ \| रु १ लाख भन्दा कमको योजना \| ९९ \| ४९५०००० \|<br>\| २ \| रु एक लाख एक देखि पाँच लाख सम्मका योजना \| ३१५ \| ७८७५०००० \|<br>\| ३ \| रु ५ लाख देखि १० लाख सम्मका योजना \| ३२ \| २४०००००० \|<br>\| ४ \| दश लाख एक देखि ५० लाख सम्मका योजना \| १७ \| ३४०००००० \|<br>\| \| जम्मा \| ४६३ \| १४१७००००० \| | |
| १० | | | **बजेट पेश, पारित र अख्तियारी-**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री मिना बोहरा जागरीले २०७७।३।१० गते रु. ४३ करोड ४२ लाख ५० हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।५।९ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिएन । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ११ | | | **चौमासिक पूँजीगत खर्च-** | |

कार्यालयले उपलब्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| पूँजिगत खर्चतर्फ | ३१८१०७ | ५००० | ७५००० | १३३१०७ | १०५००० |
| प्रतिशत | | १.५७ | २३.५७ | ४१.८४ | ३३ |

१२

**क्षेत्रगत बजेट र खर्च-**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | २६७८५७०० | २४५३६८९३ | ७.३९ |
| सामाजिक क्षेत्र | ३२४०७००० | २८९३०७१३ | ८.७२ |
| पूर्वाधार विकास क्षेत्र | १६५२०६९३० | १५७३५७३१९ | ४७.४२ |
| संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २३४८२००० | २१८१९३३० | ६.५७ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १११५४०००० | ९९२१५०५६ | २९.९ |
| जम्मा | ३५९४२१६३० | ३३१८५९३११ | |

उपरोक्त विवरण अनुसार आर्थिक वर्ष २०७७।७८ को कूल खर्च मध्ये सबैभन्दा बढी पूर्वाधार विकासमा ४७.४२ प्रतिशत र सबै भन्दा घटी संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा ६.५७ प्रतिशत खर्च भएको छ । मध्यमकालिन खर्च संरचना तयार गरी दिगो विकासका स्थानीय लक्ष्य, गन्तव्य र सूचकहरु निर्धारण गरी सोही आधारमा बजेट सांकेतिकरण गरी स्थानीय आवधिक योजनाका नीति कार्यनव्यन हुने गरी बजेट व्यवस्थापन गर्नु पर्दछ ।

१३

**खर्च विश्लेषण-**

पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रू. १६५०००० राजस्व बाँडफाँड र अनुदानबाट रू. ६२४२७५३५० समेत गरी रू. ६२५९२५३५० आम्दानी भएकोमा चालु तर्फ रू. ४६६१४९९७८ र पूँजिगत तर्फ रू. २१९४०७००० गरी रू. ६८५५५६९७८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.२४ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु ११४६०५०० खर्च भएको छ जुन आन्तरिक आयको ६९४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७४.६७ प्रतिशत चालु ३५. १४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| १४ | | | **पूँजिगत बजेटमा चालु प्रकृतिका खर्च**-<br>पूँजी सृजना नहुने खालका वितरणमूखी तथा उपयोगिता नदिने खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चहरु वापत जनप्रतिनिधि वैठक भत्ता रु ११९२००० र जनप्रतिनिधि अनुगमनमा रु ४५०००० गरी पूँजीगत शीर्षकबाट रु. १६४२००० भुक्तानी दिएको पाईयो ।पालिकाले यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| १५ | ७० | २०७७-७-१८ | **पूँजिगतबाट प्रोत्साहन खर्च**-<br>विभिन्न विद्यालयका ८२ जना मध्ये ३ जनालाई २० हजार र ७९ जनालाई १० हजारले प्रोत्साहन भनी विद्यालयको खातामा निकासा दिएको छ। पूँजिगतको रकम प्रोत्साहन खर्च गरेको अनियमित देखिएको रु. | ८५०,००० |
| १६ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख**-<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७७/७८ मा कन्टीन्जेन्सी बापत रु ४५००००० कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| १७ | | | **कार्यालय सञ्चालन**-<br>स्थानिय सरकार सञ्चालन ऐन 2074 को दफा 84 मा प्रमुख प्रशासकिय अधिकृत सम्बन्धी व्यवस्था छ।दफा 84(4) मा प्रमुख प्रशासकिय अधिकृत नियुक्ती नभएसम्मका लागि नेपाल सरकारको निजामती सेवाका कुनै अधिकृत कर्मचारीलाई प्रमुख प्रशासकिय अधिकृतको रुपमा काम गर्न खटाउने छ। दफा 84(5) मा प्रमुख प्रशासकिय अधिकृतले आफुलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार आफु मातहतको अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।त्यसै गरी निजामती सेवा नियमावली 20५० को नियम ४६(१ देखि ३) मा निकट्तम ज्येष्ठ कर्मचारी निमित भै काम गर्ने व्यवस्था छ।कार्यालय प्रमुखको गैर-उपस्थितिमा निजको निकटतम तल्लो पदका कर्मचारीले निमित भै काम काज गर्नुपर्ने र माथिल्लो पदको कर्मचारी हाजिर भएमा स्वतः माथिल्लो पदको कर्मचारीले कार्यलय प्रमुखको हैसियतमा काम गर्ने गर्दछ।यस नगरपालिकामा अधिकृत आठौँ तह (नेपाल सरकारको उप-सचिव स्तर) को प्रमुख प्रशासकिय अधिकृतको दरबन्दी रहेकोमा उक्त दरबन्दी पदपूर्ती नभएको अवस्थामा मिति 2076/2/28 मा संघिय मामिला तथा समान्य प्रशासन मन्त्रालयको च.नं. 4910 को पत्र बाट पालिकाका सहायक पाँचौ तह (नेपाल सरकारको नायब सुब्बा सरह) लाई निमित दिएकोमा 2076 साल मा नै अधिकृत छैठौ तह का प्रशासन तर्फका 2 जना कर्मचारी हाजिर भएकोमा हालसम्म पाँचौ तहबाट कार्यालय प्रमुखको रुपमा काम गरेको पाइयो।कार्यालयमा प्रशासन तर्फका 2 जना अन्य प्राविधिक लेखा तर्फका 4 जना अभिकृत स्तरका कर्मचारी कार्यरत हुँदा हुदै सहायक स्तरका कर्मचारीबाट आर्थिक कारोबार सहित कार्यालय प्रमुखको हैसियतबाट काम भएबाट ऐन नियमको बर्खिलाप नहुने गरी वैधानिक रुपमा कार्यलयको काम कारबाही भएकोमा सुनिश्चित गराउनु पर्दछ भने माथिल्लो पदको आधिकारिक कर्मचारीबाट कार्यालय सञ्चालन नगरी तल्लो तहको सहायक स्तरको कर्मचारीबाट कार्यलय सञ्चालन गराउने पदाधिकारीलाई जिम्मेवार बनाई सोको पुष्टयाई हुनु पर्दछ।<br>क) 2 स्थानमा कार्यालयः बुङ्गल नगरपालिकाको कार्यलय स्थलमा लेखा श्रेस्ता नराखी जयपृथ्वी नगरपालिका चौनपुर बझाङ्गमा मासिक रु. 20,000/- का दरले घरभाडा लिई सोही स्थानमा लेखा श्रेस्ता राखेकोले चौनपुर बझाङ्गमा नै लेखापरीक्षण गर्ने कार्य भएको छ।नगरपालिका देखि 60 कि.मि. टाढा सम्पर्क कार्यालय राखी आर्थिक कारोबार गर्दा सेवाग्राहीले स्थानिय स्तरमा सुविधा पाउने देखिदैन भने कर्मचारीहरु पनि दुईतिर छरिएर रहँदा कार्यसम्पादनमा ढिलासुस्ती हुन जान्छ र पारदर्शिताको सुनिश्चित हुन्छ भन्न सकिदैन।नगरपालिका रहेकै स्थानमा लेखा श्रेस्ता राखी कार्यालय सञ्चालन गर्ने गराउने तर्फ सम्बन्धित निकायको ध्यानाकर्षण हुनुपर्दछ। | |
| १८ | | | **कर्मचारी करार**-<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ५८ जना कर्मचारीहरु करारमा राखी रु. १९३०२४०० खर्च लेखेको छ । | |
| १९ | | | **कर्मचारी प्रोत्साहन भत्ता**- | ५५२,३३० |

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कार्यापालिकाको निर्णय गरी मासिक १७ दिनको दैनिक १७१० का दरले प्राविधिक भत्ता प्रदान गरेको छ । ईन्जिनियर बिक्रम गुर्धामीलाई गत वर्षको भुक्तानी दिन बाकी रकम भनी रु १७१० का दरले प्रतिमहिना महिनाको १७ दिनसम्म ७ महिनाको रु २०३४९० र ईन्जिनियर डम्मर धामीलाइ यो आर्थिक वर्षको रु १७१० का दरले प्रतिमहिना महिनाको १७ दिनसम्म १२ महिनाको रु ३४८८४० गरी ५५२३३० भत्ता भुक्तानी भएकोले असूल गर्नुपर्ने रु

२०

**आन्तरिक लेखापरीक्षण शाखा-**

प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

२१

**वडा सचिवको पदपूर्ति-**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।वडा सचिवको पद पुर्ति समयमा हुन नसक्दा स्थानीय तहको विकास निर्माण तथा सेवा प्रवाह लगायत प्रभावित हने भएकोले कर्मचारी व्यवस्थापन हुनु पर्दछ ।

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ११ | ११ | ८ | ३ |

२२

**स्थानीय तथ्याङ्क,अभिलेख तथा स्रोत नक्साङ्कन-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

२३

**सेवा प्रवाहको स्थिति-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्य सूचि तोकिएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ५५० | ५२० |
| पञ्जिकरणतर्फ | | |
| जन्मदर्ता | ५८५० | ५८५० |
| मृत्युदर्ता | ३२० | ३२० |
| बसाईसराई दर्ता | ७८० | ७८० |
| विवाह दर्ता | १२१४ | १२०० |
| सम्बन्धविच्छेद दर्ता | ० | ० |
| पूर्वाधार विकास सडक निर्माण | | |
| कालोपत्रे सडक निर्माण | | |
| कालोपत्रे सडक मर्मत | | |
| ग्राभेल सडक निर्माण | ५० किमि | ५० किमि |
| ग्राभेल सडक मर्मत | ७० किमि | ७० किमि |

२४

**स्थानीय तहका पदाधिकारी सुविधा-**

नेपालको संविधानको धारा २२७ मा गाउँ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदूर पश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार यस वर्ष पालिकाबाट गत आ व र यस आ व को गरी देहाय बमोजिम रु. ११४६०५०० सुविधा वापत भुक्तानी भएको छ ।

| विवरण | अध्यक्ष | उपाध्यक्ष | वडाअध्यक्ष ११ जना | कार्यपालिका सदस्य ८ | सभाका सदस्य ३६ |
|---|---|---|---|---|---|
| बैठक भत्ता | १२००० | १२००० | १३२००० | ९६००० | ० |
| यातायात खर्च | ० | | ३३०००० | २४०००० | ० |
| टेलिफोन,मोबाइल | ८४००० | ७२००० | ५२८००० | ३३६००० | १२९६००० |
| पुस्तक,पत्रीका, ईन्टरनेट | ७८००० | ६०००० | ५२८००० | ३३६००० | १०८०००० |
| समन्वय तथा सहजीकरण | १२०००० | १०८००० | ८५८००० | ५७६००० | १७२८००० |
| अतिथि सत्कार | १३२००० | १२०००० | १०५६००० | ० | ० |
| खानेपानी/बिजुली/ सरसफाई | ४८००० | ४२००० | ३३०००० | २४०००० | ० |
| चाडपर्व खर्च | ४०५०० | ३५५०० | ३२४५०० | १४०००० | ३४२००० |
| जम्मा | ५१४५०० | ४४९५०० | ४०८६५०० | १९६४००० | ४४४६००० |

२५

**बैठक भत्ता-**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी (पहिलो संशोधन) ऐन २०७६ को दफा ३ अनुसार स्थानीय तहका पदाधिकारी र सदस्यले यस ऐनको अनुसूचि १क , १ख, र १ग मा उल्लिखित सुविधा उपलव्ध हुने व्यवस्था छ । तर पालिकाले पदाधिकारी सुविधा सम्बन्धी कानूनले तोक भन्दा बढी दिनको बैठक भत्ता वापत निम्न कर्मचारीहरुले कार्यपालिकाको निर्णय गरी रु. ११५९२०० भत्ता भुक्तानी भएकोले सम्बन्धितबाट असूल गर्नुपर्ने रु.

२२०,८००

| सि न | पदाधिकारीको नाम थर | बैठक संख्या | प्रति बैठक रकम | जम्मा रकम | प्रतिक्रियाबाट हटेको रकम | |
|---|---|---|---|---|---|---|
| १ | मेयर श्री धन बहादुर विष्ट | २४ | २३०० | ५५२०० | ५५२०० | |
| २ | उप मेयर श्री मिना बोहरा जागरी | २४ | २३०० | ५५२०० | ५५२०० | |
| ३ | वडाध्यक्ष श्री बिष्णु प्रकाश जोशी | २४ | २३०० | ५५२०० | ५५२०० | |
| ४ | वडाध्यक्ष श्री जयमल धामी | २४ | २३०० | ५५२०० | ५५२०० | |
| ५ | वडाध्यक्ष श्री कर्ण बहादुर धामी | २४ | २३०० | ५५२०० | ५५२०० | |
| ६ | वडाध्यक्ष श्री अम्मरराज जोशी | २४ | २३०० | ५५२०० | ५५२०० | |
| ७ | वडाध्यक्ष श्री प्रयाग धामी | २४ | २३०० | ५५२०० | ५५२०० | |
| ८ | वडाध्यक्ष श्री धन बहादुर बिष्ट | २४ | २३०० | ५५२०० | ५५२०० | |
| ९ | वडाध्यक्ष श्री टंक प्रसाद जोशी | २४ | २३०० | ५५२०० | ५५२०० | |
| १० | वडाध्यक्ष श्री शिवशंकर जागरी | २४ | २३०० | ५५२०० | ५५२०० | |
| ११ | वडाध्यक्ष श्री देउमले धामी | २४ | २३०० | ५५२०० | ५५२०० | |
| १२ | वडाध्यक्ष श्री प्रेम बहादुर बाग | २४ | २३०० | ५५२०० | ५५२०० | |
| १३ | वडाध्यक्ष श्री राम बहादुर बाग | २४ | २३०० | ५५२०० | ० | |
| १४ | कार्यपालिका सदस्य श्री धर्मा देवि सिंह | २४ | २३०० | ५५२०० | ५५२०० | |
| १५ | कार्यपालिका सदस्य श्री महेश्वरी सिंह | २४ | २३०० | ५५२०० | ५५२०० | |
| १६ | कार्यपालिका सदस्य श्री मिना कुमारी कुँवर | २४ | २३०० | ५५२०० | ५५२०० | |
| १७ | कार्यपालिका सदस्य श्री अम्बा देवि बोहरा | २४ | २३०० | ५५२०० | ५५२०० | |
| १८ | कार्यपालिका सदस्य श्री बिसु देवि बोहरा | २४ | २३०० | ५५२०० | ० | |
| १९ | कार्यपालिका सदस्य श्री कन्थु देवि ओखेडा | २४ | २३०० | ५५२०० | ० | |
| २० | कार्यपालिका सदस्य श्री न्यौलो कामी | २४ | २३०० | ५५२०० | ५५२०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | कार्यपालिका सदस्य श्री धनशेर ओखेडा | २४ | २३०० | ५५२०० | ० |
| जम्मा | | | | ११५९२०० | ९३८४०० |

कार्यालयको मिति २०७८।१२।११ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु९३८४००। मिति २०७९।१।१२ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।

२६ **पदाधिकारी थप सुविधा-**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी (पहिलो संशोधन) ऐन, २०७६ को दफा ३ (क) (१) मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १ मा उल्लेख भएका सूविधा मात्र पाउने उल्लेख छ । जसअनुसार पदाधिकारीहरुलाई निम्नानुसार सुविधा वापतको रू. १९५००० भुक्तानी दिन मिल्ने देखिदैन् ।यस स्थानीय तहले पदाधिकारीहरुलाई यातायात सुविधा दिएर पनि मासिक यातायात भत्ता वापत निम्नानुसार रु. १९५००० खर्च लेखेको छ । कानूनमा व्यवस्था नभएको उक्त रकम असुल गर्नुपर्ने रु.

| सि.नं. | पदाधिकारीको पद र नाम | भुक्तानी लिएको महिना | भुक्तानी दर | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | मेयर धन बहादुर बिष्ट | ३ | २५०० | ७५०० |
| २ | उपमेयर मिना बोहरा जागरी | ३ | २५०० | ७५०० |
| ३ | वडा न १ वडाध्यक्ष विष्णु प्रकाश जोशी | १२ | २५०० | ३०००० |
| ४ | वडा न २ वडाध्यक्ष जयमल धामी | १२ | २५०० | ३०००० |
| ५ | वडा न ३ वडाध्यक्ष कर्ण बहादुर धामी | १२ | २५०० | ३०००० |
| ६ | वडा न ४ वडाध्यक्ष अम्मर राज जोशी | १२ | २५०० | ३०००० |
| ७ | वडा न ६ वडाध्यक्ष धन बहादुर सिंह | १२ | २५०० | ३०००० |
| ८ | वडा न ११ वडाध्यक्ष श्री राम बोहरा | १२ | २५०० | ३०००० |
| जम्मा | | | | १९५००० |

कार्यालयको मिति २०७८।१२।११ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु१९५०००। मिति २०७९।१।१२ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो ।

२७ **कानूनी सल्लाहकार-** ४६७,८७०

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ मा यस सुदूरपश्चिम प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव।कानूनी सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ को

<table>
<tr><td></td><td></td><td></td><td>बुदा ६ मा कानून बमोजिम निजी भान्छे चालक वा सहयक पाउने कर्मचारीलाई उक्त निजी सुविधाको भुक्तानी हुने शुरु तलव मात्र पाउने उल्लेख छ । तर नगर प्रमुखको कानूनी सल्लाहकारको रुपमा अधिकृत स्तर तलब भत्ता भुक्तानी हुने गरी श्री धन बहादुर खड्कालाई नियुक्त गरी मासिक रु. ३५९९० का दरले भुक्तानी गरेको अनियमित देखिएको रु.</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>खाना तथा विविध खर्च-<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु. ३०००००० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>आर्थिक सहायता-<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले विभिन्न प्रयोजनको लागि यो वर्ष विभिन्न व्यक्ति एवं संघ संस्थालाई रु. ५०००००  आर्थिक सहायता वितरण गरेको पाइयो । केहि उदाहरणको रुपमा पालिकाले नगरपालिका चालूबाट निम्न व्यक्तिहरुलाइ आर्थिक सहायता वितरण गरेको छ ।
<table>
<tr><td>भौ.नं./मिति</td><td>सहायता प्रापक</td><td>रकम</td></tr>
<tr><td>106-077/8/17</td><td>वडा नं.-3 वडा अध्यक्ष</td><td>50000</td></tr>
<tr><td>103-077/8/16</td><td>शिल्पा कुँवर</td><td>50000</td></tr>
<tr><td>100-077/8/16</td><td>दोण बहादुर कार्की</td><td>20000</td></tr>
<tr><td>99-077/816</td><td>देव नेपाली</td><td>15000</td></tr>
<tr><td>97-077/8/16</td><td>प्रकाश धामी</td><td>40000</td></tr>
<tr><td></td><td>जम्मा</td><td>175000</td></tr>
</table>
यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>मन्दिर निर्माण तथा मर्मत-<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष विभिन्न ४३ वटा मन्दिरहरु निर्माण तथा मर्मतमा रू. ५७३०००० विनियोजन गरी खर्च लेखेको छ । दिगो र उत्पादनमूलक क्षेत्रमा पुँजिगत बजेट बिनियोजन गरी स्थानीय रोजगारी सृजना तथा गरिवी निवारणमा केन्द्रित हुनु पर्नेमा मन्दिर निर्माण जस्ता धार्मिक कृयाकलापमा कूल पालिकाको पुँजिगत बजेटको २.६१ प्रतिशत खर्च भएको देखियो । भक्तजनहरुको आस्था र दान भेटीबाट संरक्षण तथा सम्वर्द्धन गर्नु पर्ने गरी मन्दिरहरुको व्यवस्थापनमा सम्बन्धित उपभोक्ताहरु लाई जिम्मेवारी बढाई पालिकाले स्थानीय वित्तीय आधार बढाउन बढी ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>अनुदान फिर्ता-<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने वित्तीय समानिकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७८ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको</td><td>६,१०२,४०४</td></tr>
</table>

निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता भएको रकम | फिर्ता हुन बाँकी रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | ३४४८७९३५० | ३३८६१६९४६ | १६०००० | ६२६२४०४ |
| | विषेश | | | | |
| | समपुरक | | | | |
| | अन्य | | | | |
| प्रदेश सरकार | शसर्त | | | | |
| | विषेश | ६८००००० | ६८००००० | | |
| | समपुरक | १३२२५००० | १३२२५००० | | |
| | अन्य | ७१९८००० | ७१९८००० | | |
| | जम्मा | | | | |

गत आ व मा फिर्ता गर्न बाँकी रु ३३१३५००० फिर्ता नगरी खर्च गरेको छ । सो समेत कूल रु ३९३९७४०४ रकम आगामी वर्षको निकासा दिदाँ निकासा घटाएर दिनेतर्फ सम्बन्धित निकायको ध्यानाकर्षण हुनुपर्दछ ।

३२

**अनुदानको अनुगमन-**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले विभिन्न कृषि, पशु अनुदानमा रु. १३००००० तथा विभिन्न सहकारी संस्थालाई बीउपूँजी तथा अनुदानमा रु. ४२००००० गरी रु. ५५००००० खर्च लेखेका छन । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

३३

**अनुगमन प्रतिवेदन-**

विशेष अनुदान तथा समपुरक सम्बन्धी कार्यविधि २०७५ मा विशेष र समपुरक अनुदानबाट संचालन हुने आयोजना प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी संचालन भए नभएको सम्बन्धमा सम्बन्धित स्थानीय तहले नियमित अनुगमन गर्नु पर्ने र सोको अनुगमन प्रतिवेदन तथा चौमासिक रुपमा प्रगति प्रतिवेदन सम्बन्धित प्रदेश मन्त्रालय, नेपाल सरकारको सम्बन्धित विषयग मन्त्रालय र जिल्ला समन्वय समिति समक्ष पेश गर्नु पर्ने व्यवस्था छ ।त्यसैगरी समपुरक अनुदानबाट संचालित योजनाहरुको नियमित अनुगमन गर्न सम्बन्धित योजना प्रभावित क्षेत्रको निर्वाचित प्रदेश सभा सदस्यको अध्यक्षतामा गठित अनुगमन समितिले अनुगमन प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश सरकार समक्ष पेश गर्नु पर्ने व्यवस्था छ । यस पालिकाबाट निम्नानुसार विशेष तथा समपुरक अनुदान अन्तर्गत संचालित निम्नानुसार योजनाहरुको कार्यविधिमा भएको व्यवस्था बमोजिम नियमित अनुगमन गरी अनुगमन तथा प्रगति विवरण सम्बन्धित निकायहरुमा पठाएको छैन । कार्यविधिको व्यवस्था अनुसार अनुगमन हुनु पर्दछ ।



https://nams.oag.gov.np

| क्र स | स्रोत | योजनको नाम | खर्च | गा पा को खर्च | जम्मा खर्च |
|---|---|---|---|---|---|
| १ | प्रदेश विशेष अनुदान | धौलापुर प्रा वि २ कोठे भवन | २५०००००० | ० | २५०००००० |
| २ | प्रदेश विशेष अनुदान | धनाडा धन्गादा सिँचाई कूलो | १०००००० | ० | १०००००० |
| ३ | प्रदेश विशेष अनुदान | सिब मा वि भवन | २२०००००० | ० | २२०००००० |
| ४ | प्रदेश विशेष अनुदान | हरिचन्द्र आ वि | ११०००००० | | ११०००००० |
| ५ | प्रदेश समपुरक अनुदान | ऐसेलुबगर कर्चाली थानज्यबन पर्यटकीय सडक | २४०००००० | २४०००००० | ४८०००००० |
| ६ | प्रदेश समपुरक अनुदान | बिजगडा बाइसधारा झापा बाइसधारा सडक | १३२५०००० | १३२५०००० | २६५००००० |
| ७ | प्रदेश समपुरक अनुदान | धौला ढुंगा पर्यटकीय सडक | २३०००००० | २३०००००० | ४६०००००० |
| ८ | प्रदेश समपुरक अनुदान | कमेदिखन दौड बिजगदा सडक | ३०००००० | ३०००००० | ६०००००० |
| ९ | प्रदेश समपुरक अनुदान | पुरमचुली सिडी निर्माण | ४२०००००० | ४२०००००० | ८४०००००० |

३४

**मापदण्ड वेगर अनुदान-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा गर्दा नियमितता, मितव्यिता, प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ। व्यक्ति वा संस्थालाई दिइने अनुदान निश्चित मापदण्डमा आधारित हुनु पर्दछ। तर पालिकाले देहायका नाफामूलक प्रकृतिका संस्थालाई सोझै अनुदान रकम उपलव्ध गराएको देखियो। निश्चित मापदण्ड विना छनौट भएका व्यक्ति वा संस्थालाई दिइने अनुदान खर्चमा प्रभावकारी नियन्त्रण हुनु पर्दछ।

| गो भौ र मिति | अनुदान पाउने संस्था वा व्यक्तिको नाम | प्रयोजन | अनुदान रकम |
|---|---|---|---|
| गापा चालुको<br>५३।२०७७।६।३० | कमल बहादुर धामी | होजियारी सामान | २२६००० |
| गापा पूँजिगतको<br>८०।२०७७।८।७ | कल्पसनद जडिवुटी प्रशोधन सहकारी संस्था | कर्मचारी तलब, चामल, विरुवा अरिद | ४००००० |
| गापा चालुको<br>३८८।२०७८।३।७ | कल्पसन्द जडिवुटी प्रशोधन सहकारी संस्था | कर्मचारी तलब | ५००००० |
| जम्मा | | | ११२६००० |

३५

**कर तथा शुल्क असुली-**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पति कर र घरजग्गा कर | १०००००० | ५४०००० | ५४ |
| घरजग्गा वहाल कर | ७००००० | ५२०००० | ७४ |
| व्यवसाय कर | ५००००० | ४४०००० | ८८ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

३६

**राजस्व ठेली फिर्ता नगरेको सम्बन्धमा-**

निम्न वडाका वडा सचिवहरु आ.व.2077/78 को आन्तरिक राजश्व संकलनको लागि नगरपालिका कार्यालयबाट आफुले बुझेकोमध्ये बाँकी नगदी र मालपोत ठेली लेखापरीक्षण भएको मितिसम्म पनि कार्यालयमा फिर्ता गरेको पाइएन।यसरी राजश्व संलकन गर्ने ठेली फिर्ता नबुझाउनेलाई जिम्मेबार बनाई छानविन गरी राजस्व रकम यकिनका साथ आम्दानी जनाउनु पर्दछ ।

<table>
<tr><td colspan="4">फिर्ता नगरेको</td></tr>
<tr><td>वडा नं.</td><td>वडा सचिवको नाम</td><td>नगदी रसिद</td><td>मालपोत रसिद</td></tr>
<tr><td rowspan="3">1</td><td>शिवराज जोशी</td><td>2551-2700</td><td>301-400</td></tr>
<tr><td>सनिता बोहरा</td><td>2601-3700</td><td>1001-1100</td></tr>
<tr><td>(प्राविधिक)</td><td>5101-5150</td><td>2301-2400</td></tr>
<tr><td rowspan="2">2</td><td rowspan="2">जयधन सिंह कार्की</td><td rowspan="2">4151-4300</td><td>401-500</td></tr>
<tr><td>1551-1700</td></tr>
<tr><td rowspan="2">3</td><td rowspan="2">लक्ष्मीभक्त जोशी</td><td>21514-24020</td><td rowspan="2">501-600</td></tr>
<tr><td>5251-5350</td></tr>
<tr><td rowspan="4">4</td><td rowspan="4">रविना चौधरी</td><td>2401-2500</td><td>4701-4800</td></tr>
<tr><td>2751-2850</td><td>801-850</td></tr>
<tr><td>3101-3200</td><td>851-900</td></tr>
<tr><td>4901-5000</td><td>1201-1350</td></tr>
<tr><td rowspan="6">5</td><td>हिरा जोशी</td><td>1601-1850</td><td>2001-2100</td></tr>
<tr><td>सिन्दु कुँवर</td><td>3001-3100</td><td>2401-2500</td></tr>
<tr><td>(प्राविधिक)</td><td>3701-3850</td><td>901-1000</td></tr>
<tr><td></td><td>5151-5200</td><td>1101-1150</td></tr>
<tr><td></td><td></td><td>2401-2450</td></tr>
<tr><td></td><td></td><td>2501-2600</td></tr>
<tr><td>6</td><td>रेवत रमन जोशी</td><td>5351-5450</td><td>3601-3700</td></tr>
<tr><td rowspan="2">7</td><td rowspan="2">हरी बोहरा</td><td rowspan="2">35014-3550</td><td>901-1000</td></tr>
<tr><td>1951-2150</td></tr>
<tr><td>8</td><td>नरेन्द्र बिरकट्टा मगर</td><td colspan="2">कतिवटा ठेली लगेको कुनै विविरण पेश नभएको</td></tr>
<tr><td rowspan="2">9</td><td rowspan="2">ओपेन्द्र महतो</td><td>5000-5100</td><td>151-300</td></tr>
<tr><td></td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | 3851-3950 | 1151-1200 |
| | | | 1451-1550 |
| 10 | खड्क बोहरा | 2851-3000 | Jan-50 |
| | कल्पना खड्का | | 1851-1950 |
| 11 | बिष्णु भक्त लत जोशी | 1901-2150 | 51-150 |
| | ओपेन्द्र महतो | 3951-4050 | |
| | | 4301-4450 | |
| नगर पालिका | कृषी शाखाः- | 2701-2750 | - |
| | कमल कुँवर | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३७ | | | **वडा कार्यालयहरुको राजस्वमा अनियमितता-**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) अनुसर आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लागउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लागाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागिय कारबाही समेत गर्ने गराउने उल्लेख छ।यस पालिकाका विभिन्न वडाहरुबाट वडा सचिवहरुले बुझेको नगदी र मालपोत ठेलीबाट कति राजश्व संकलन भएको हो सोको यथार्थ जानकारी नगरपालिका कार्यालयमा नदिई 6 वटा वडा सचिवहरुले आफुखुसी रकम बैंक दाखिला गरेको र बाँकी वडाका सचिवहरुले लेखापरिक्षणको दिनसम्म पनि कुनै रकम नै बैंक दाखिला नगरेको पाइयो। राजश्व संकलनको विवरण लुकाउने तथा समयमै राजश्व दाखिला नगर्नेलाई जिम्मेबार बनाई छानबिन गरी सम्बन्धित सबैलाई कानूनको दायरामा ल्याई कारबाही समेत हुनुपर्ने देखिन्छ । | | |


https://nams.oag.gov.np

| वडा नं. | वडा सचिवको नाम | राजश्व असुली रकम | बैंक दाखिला रकम | दाखिला मिति | बाँकी |
|---|---|---|---|---|---|
| 1 | शिवराज जोशी | विवरण नपठाएको | 35559 | 4/20/2078 | स्पष्ट नभएको |
| 2 | जयधन सिंह कार्की | विवरण नपठाएको | 213350 | 12/25/2077 | स्पष्ट नभएको |
| | | | 214558 | 3/28/2078 | |
| 3 | लक्ष्मीभक्त जोशी | विवरण नपठाएको | 63600 | 5/28/2078 | स्पष्ट नभएको |
| 4 | रविना चौधरी | विवरण नपठाएको | 155831 | 3/21/2078 | स्पष्ट नभएको |
| 5 | हिरा जोशी | विवरण नपठाएको | - | - | स्पष्ट नभएको |
| 6 | रेवती रमन जोशी | विवरण नपठाएको | 128000 | 4/11/2078 | स्पष्ट नभएको |
| 7 | हरी बोहरा | विवरण नपठाएको | - | - | स्पष्ट नभएको |
| 8 | नरेन्द्र बिरकट्टा मगर | विवरण नपठाएको | 107730 | 3/29/2078 | स्पष्ट नभएको |
| | | | 50000 | 3/15/2078 | |
| 9 | ओपेन्द्र महतो | विवरण नपठाएको | - | - | स्पष्ट नभएको |
| 10 | खड्क बोहरा | विवरण नपठाएको | - | - | स्पष्ट नभएको |
| | कल्पना खड्का | | | | |
| 11 | बिष्णु भक्तदत जोशी | विवरण नपठाएको | - | - | स्पष्ट नभएको |
| | ओपेन्द्र महतो | | | | |

३८ **रितपूर्वकको कर विजक तथा प्रतिलिपि विल-** ३,८४१

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु. ३८४१ समेत रु. २४२७७१ सामान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.


https://nams.oag.gov.np

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | विजकको अवस्था | भुक्तानी रकम | मुअकर कर रकम |
|---|---|---|---|---|---|
| नपा चालुको<br>३२।<br>२०७७।६।३० | ओम सोलार उर्जा सप्लायर्स | ११८०८२७१४ | फोटोकपि विल | २८००० | … |
| ३२।<br>२०७७।६।३० | शर्मा काष्ठ तथा स्टिल फर्निचर उद्योग | ६००६४३४३८ | फोटोकपि विल | ३३३२१ | ३८४१ |
| शसर्तको<br>१३३।<br>२०७८।२।२३ | Manilek Medicine distributors | १००११६१८४ | फोटोकपि विल | २१४५० | … |
| २२९।<br>२०७८।३।१८ | गतिमान आयुर्वेद फार्मेसी | ६०७६८३००० | फोटोकपि विल | ७५००० | … |
| २२९।<br>२०७८।३।१८ | गतिमान आयुर्वेद फार्मेसी | ६०७६८३००० | फोटोकपि विल | ८५००० | … |
| जम्मा | | | | २४२७७१ | ३८४१ |

३९

**धरौटी नकाटेको-**

सार्वजनिक खरिद नियमावली 2064 को नियम 123(4) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायको रनिङ्ग बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा रनिङ्ग बिल वा अन्य बिल बिजकको भुक्तानी रकममा उल्लेखित रकमको 5 प्रतिशत रिटेन्सन मनि कट्टा गर्नुपर्ने व्यवस्था छ। निम्नानुसारका भुक्तानीमा रिटेन्सन मनी कट्टा नगरेकोले असुल गरी धरौटी दाखिला गर्नुपर्ने रु.

| भौ.नं./मिति | बिक्रेता | बिल रकम | 5 प्रतिशत धरौटी रकम |
|---|---|---|---|
| 86-077/8/8 पूँजी | बाहृदेउ कन्सट्रक्सन | 2095210.53 | 104760.05 |
| 226-077/10/6 पुँजी | डोलरी कन्सट्रक्सन | 2959503.53 | 147975.17 |
| | जम्मा | 5054714.1 | 252735.22 |

२५२,७३५

४० **मूल्य अभिबृद्धि कर कट्टी-** १,२३१,१७५

आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु. १२३११७५ कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ ।

| भौ.नं./मिति | आपूर्तिकर्ताको नाम | पान नं. | मु.अ. कर | 50% कर |
|---|---|---|---|---|
| 86-077/8/8 | बाह्रदेउ कन्सट्रक्सन | 608192198 | 272377.47 | 136188.73 |
| 116-077/8/23 | खप्तड ईन्जिनियरिङ्ग | 609527531 | 64870 | 32435 |
| | जि.एस. ईन्जिनियरिङ्ग | 609612745 | 57407.08 | 28703.54 |
| | मर्निङ्ग स्टार ईन्जिनियरिङ्ग | 606870461 | 64870 | 32435 |
| | एभरेष्ट ईन्जिनियरिङ्ग | 606521730 | 57407 | 28703.5 |
| 226-077/10/6 | डोलरी कन्सट्रक्सन | 605829187 | 348735 | 174367.5 |
| 732-078/3/24 | वटुलसेरी निर्माण तथा ढुवानी सेवा | 606550228 | 219037 | 109518.5 |
| 753-078/3/27 | भवानी निर्माण सेवा | 608246484 | 124651 | 62325.5 |
| 751-078/3/27 | बाईसधारा कन्सट्रक्सन | 608821719 | 89984.87 | 44992.43 |
| | रैका आरके कन्सट्रक्सन | 609923672 | 170308.04 | 85154.02 |
| 775-078/3/27 | Institution of RIT | 607976359 | 186208.05 | 93104.02 |
| 37-078/3/20 | मालिका ई. एण्ड मेकानिकल | 300130850 | 190924.2 | 95462.1 |
| 340-077/12/26 | जयलक्ष्मी निर्माण सेवा | 607421518 | 550634.5 | 275317.25 |
| 322-077/12/17 | सफल ढुंगा निर्माण सेवा | 607917819 | 64936.04 | 32468.02 |
| | जम्मा | | 2462350.3 | 1231175.1 |

तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

४१ **उपभोक्ता समिति दर्ता-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न ४५८ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रू. ११७२०००००० भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

४२

**सव कन्ट्याक्टरबाट काम गराएको-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१०) म उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्रयाक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समिति सँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माण तथा जडान कार्यहरुमा निर्माण व्यवसायी लगाएको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले उपभोक्ता समितिको नाममा जारी गरेको वील बिजकबाट समेत देखिन्छ । निम्नानुसार उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो । तसर्थ उपभोक्ता समिति सँग पालिकाको कार्यालयको सम्झौता हुने र उपभोक्ता समितिले सो काम निर्माण व्यवसायी मार्फत गराउदा नियमावलीको उल्लिखित प्रावधान विपरित भएको देखिएकोले नियमावलीको प्रक्रिया पूरा गरी नियमित गर्नु पर्दछ ।

| उपभोक्ता समितिको नाम | उपभोक्ता समिति सँग भएको सम्झौता अंक (श्रमदान बाहेक) | संलग्न निर्माण व्यवसायीको नाम | निर्माण व्यसायीलाई भुक्तानी रकम |
|---|---|---|---|
| टाक्सी धौलाकाडा सडक उ स | १८२५००० | डोजर मालिक दमन कुँवर | १६६४००० |
| ऐसेलि बगर कचाली थानज्यावन सडक उ स | ३०४०००० | धौलापुर निर्माण सेवा (प्रकाश कुँवर) | ३०४०००० |
| जम्मा | | | ४७०४००० |

४३

**हेभी इक्विपमेण्ट प्रयोग-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| ३६। | टाक्सी धौलाकाडा सडक उ स | सडक | १८२५००० | डोजर | १६६४००० |
| २०७७।६।२९ | | | | | |
| ११२। | ऐसेलि बगर कचाली थानज्यावन सडक उ स | सडक | ३०४०००० | डोजर | ३०४०००० |
| २०७७।९।२६ | | | | | |
| जम्मा | | | ४८६५००० | | ४७०४००० |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

४४

**बार्षिक खरिद योजना/गुरुयोजना-**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने । नियम ८ ले बार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. २१९४०७००० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः नगरपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

४५

**खरिदमा प्रतिस्पर्धा-**

सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम सार्वजनिक खरिदलाई खुला र प्रतिस्पर्धी बनाउन विभिन्न खरिद विधिहरुको प्रावधान छ । पालिकाले यो वर्ष पुजिगत प्रकृतिका खरिदमा रु २ करोड १९ लाख ४० हजार खर्च गरेकोमा विभिन्न सिलवन्दी दरभाउपत्र मार्फत रु ६८ लाखको मात्र खरिद गरी खरिदमा प्रतिपर्धा कायम भएको छ । बाकी रकमको खरिद उपभोक्ता समिति वा सोझै विधिबाट भएको देखियो । खरिदलाई प्रतिस्पर्धात्मक र खुला बनाई सार्वजनिक स्रोतको महत्तम उपयोग हुनु पर्दछ ।

४६

**डिपिआर खर्च-**

सबै तहको सरकारी निकायको लागि अर्थ मन्त्रालयबाट जारी सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड २०७७ मा सार्वजनिक संयन्त्रबाट सम्पादन हुन सक्ने सम्भाव्यता अध्ययन जस्ता कार्यमा परामर्श सेवा खरिद गर्न नहुने व्यवस्था छ । बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| स्वास्थ्य भवन | त्रिनेत्र कन्स्ट्रकसन एण्ड कन्सलटेन्सी | ३१३२३६० | ३१३२३६० | १८००००००० |
| जम्मा: | | ३१३२३६० | ३१३२३६० | १८००००००० |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति

| | | | | |
|---|---|---|---|---|
| | | | प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |
| ४७ | | | **सवारी साधन खरिद-**<br>अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न ईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार आ व २०७५।७६ मा पालिकाले १४ थान दुई पांग्रे सवारि साधन खरिदमा रु. ३९२००००, तथा १ थान चार पांग्रे सवारी साधन खरिदमा रु. ४२३५४८० का समेत रु. ८१५५४८० खर्च गरेका छन् । | |
| ४८ | | | **हेभि इक्विपमेण्ट खरिद-**<br>लेखापरीक्षको क्रममा प्राप्त विवरण अनुसार पालिकाले आ व २०७५।७६ मा हेभि इक्वीपमेन्टको रुपमा रु १३५००००० को एक डोजर र १ वटा एक्साभेटर रु ११२००००० गरी रु २४७००००० को खरिद गरेको छ ।हेभि इक्वीमेन्टको आम्दानी र मर्मत संभार खर्चको अभिलेख नराखेकोले अभिलेख अद्यावधिक हुनुपर्दछ । | |
| ४९ | | | **दमकल तथा एम्बुलेन्स खरिद-**<br>लेखापरीक्षको क्रममा प्राप्त विवरण अनुसार पालिकाले आ व २०७५।७६ मा रु १२००००० को एक एम्बुलेन्स खरिद गरेको छ । | |
| ५० | | | **निर्माण कार्यको गुणस्तर-**<br>सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/ कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत आवश्यक व्यवस्था गर्नुपर्दछ ।कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्याबियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब परीक्षण जस्ता कार्य गराएको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ । | |
| ५१ | | | **विमा नगरेको-**<br>सार्वजनिक खरिद नियमावली २०६४ को ११२ मा सार्वजनिक निकायले रु दश लाख भन्दा बढीको निर्माण कार्य गराउदा निर्माण व्यवसायीले निर्माण कार्य र सो सँग सम्बन्धित अन्य जनशक्ति तथा प्लाण्टहरु समेतको बीमा गर्नु पर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार रु १० लाख भन्दा माथिका निर्माण कार्य गर्न निर्माण व्यवसायी सँग सम्झौता गरेकोमा नियमावलीमा तोकेबमोजिम बीमा गरेको अवस्था छैन । भवन निर्माण, सिचाई नहर निर्माण तथा खानेपानी जस्ता प्राविधिक रुपमा संवेदनशील संरचनामा निर्माणमा सम्भावित दुर्घटना बाट बच्न बीमा अपरिहार्य रहेकोले सीमा भन्दा माथीका सबै निर्माण कार्यको बीमा गर्नु पर्दछ । | |
| ५२ | | | **ग्रामिण जलस्रोत तर्फ-**<br>ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत संचालित कार्यक्रमहरु नेपाल सरकार, पालिका र फिनल्याण्ड सरकार बीच लागत साझेदारी गर्ने व्यवस्था छ । संरचना विषेश खानेपानी, सिचाई तथा प्लाष्टिक घरको लागत फिनल्याण्ड सरकार, पालिका र नेपाल सरकारले व्यहोरिने लागत अंश फरक फरक तय गरिएको छ ।पालिकामा यस वर्ष सञ्चालित ५ वटा योजनामा रु १ करोड ५७ लाख खर्च भएको छ । | |
| ५३ | | | **उपभोक्ता समिति मार्फत मेशिनको प्रयोग र भुक्तानी-**<br>समानिकरण पूँजीगततर्फ<br>:<br>पालिकाले स्वीकृत गरेको स्थानीय दररेटमा सडक निर्माणको क्रममा प्रयोग गरिने मेशिनको भाडा दररेट सडक विभागको नर्म्स अनुसार हुने उल्लेख छ । सडक विभागले जारी गरेको Guidelines for Estimating Equipment Ownership and Operating Costs मा Excavator प्रयोग गर्दा लाग्ने प्रति घण्टा भाडा दर निम्नअनुसार निर्धारण गरेको छ । | ४,७३५,७१२ |

| Ownership Cost(Nrs/hr) | Servicing (Nrs/hr) | Maintenance(Nrs/hr) | Fuel(L/hr) | Skilled MD | Total |
|---|---|---|---|---|---|
| 620 | 165 | 275 | 14.4 | 0.125 | |
| 620 | 165 | 275 | 1627# | 19.471* | 2606.67 |

***as per DOR Norms, District rate crew/hr=(30x Daily rate)/(8x26)=(30x1080)/208=155.77, now as per DOR Norms 155.77x0.125=19.371# as per NOC, Fuel rate= Rs 113 per litre= 113x14.4**

उल्लिखित व्यवस्था अनुसार मेशिन भाडा दर प्रतिघण्टा रु २६०६।६७ कायम गरिएको छ । अतः सडक विभागको नर्म्स अनुसार सबै प्रकारका माटो खन्ने कामको लागि प्रति ३६० घन मिटरको लागि १ दक्ष, ३ अदक्ष र ६ मेशिन घण्टा लाग्ने, सामान्य चट्टान काट्न प्रति १२० घन मिटर काट्न १ दक्ष, ३ अदक्ष र ६ मेशिन घण्टा लाग्ने र कडा चट्टान १६ घन मिटर काट्न १ दक्ष, १० अदक्ष र ६ मेशिन घण्टा लाग्ने उल्लेख छ । जस अनुसार आर्थिक वर्ष २०७७।७८ मा बझाङ्ग जिल्लाको स्वीकृत ज्याला दररेटको आधारमा प्रति घन मिटर सडक निर्माणमा लाग्ने निम्नानुसारको लागत भन्दा पालिकाले वढी दरको लागत अनुमान तयार गरेको देखियो । पालिकाबाट सञ्चालित भएका योजना वापत रकम भुक्तानी गर्दा निम्नअनुसारको व्यहोरा देखियो ।

| माटोको प्रकार | दर विश्लेषण अनुसार प्रतिघन मिटर लागत रु | पालिकाले तय गरेको लागत अनुमान प्रति घन मिटर | बढी कायम भएको लागत प्रति घन मिटर दर | परिमाण | रकम रु |
|---|---|---|---|---|---|
| टाक्सीगाउँ धौलाकाँडा सडक योजना | | | | | |
| नरम माटो | 52.27 | 66.11 | 13.84 | 21373.7 | 295812 |
| कडा माटो | 52.27 | 88.35 | 36.08 | 13088.8 | 472244.62 |
| नरम चट्टान | 156.83 | 196.83 | 39.78 | 8725.88 | 347115.5 |
| कडा चट्टान | 1482.5 | 1315.1 | -167.4 | 441 | -73823.41 |
| जम्मा | | | | | 1041348.7 |
| रारु रुजकोट सडक योजना | | | | | |
| कडा माटो | 52.27 | 87.31 | 35.04 | 867 | 30398.68 |
| जम्मा | | | | | 30398.68 |
| विजगाडा खोल्लेक सडक योजना | | | | | |
| नरम माटो | 52.27 | 65.41 | 13.14 | 1091.5 | 14342.31 |
| कडा माटो | 52.27 | 87.31 | 35.04 | 4656 | 163146.24 |
| जम्मा | | | | | 177488.55 |
| ऐसेली बगर कचाली धानज्यावन सडक | | | | | |
| नरम माटो | 52.27 | 69.45 | 17.18 | 9330.9 | 160304.86 |
| कडा चट्टान | 1482.5 | 1406.4 | -76.1 | 708.3 | -53901.63 |
| जम्मा | | | | | 106403.23 |
| बवेडी कुइकचाली सडक | | | | | |
| नरम माटो | 52.27 | 69.45 | 17.18 | 510.13 | 8764.03 |
| कडा माटो | 52.27 | 92.56 | 40.29 | 1057.35 | 42600.63 |

| | | | | | |
|---|---|---|---|---|---|
| नरम चट्टान | 156.83 | 200.79 | 43.96 | 672.53 | 2956414 |
| कडा चट्टान | 1482.5 | 1406.4 | -76.1 | 819.19 | -62340.35 |
| जम्मा | | | | | 18588.72 |
| चौपाला सडक | | | | | |
| नरम माटो | 52.27 | 69.45 | 17.18 | 70.5 | 1211.19 |
| कडा माटो | 52.27 | 92.56 | 40.29 | 746.75 | 30086.35 |
| नरम चट्टान | 156.83 | 320.13 | 163.3 | 498.75 | 81445.87 |
| कडा चट्टान | 1482.5 | 1406.4 | -76.1 | 234 | -17807.4 |
| जम्मा | | | | | 94936.31 |
| थानपाटन पर्यटकीय सडक | | | | | |
| नरम माटो | 52.27 | 69.5 | 17.23 | 2377.28 | 40960.33 |
| कडा माटो | 52.27 | 92.63 | 40.36 | 1043.27 | 42106.37 |
| नरम चट्टान | 156.83 | 320.27 | 163.44 | 1163.29 | 190128.11 |
| कडा चट्टान | 1482.5 | 1406.64 | -761 | 210.53 | -16000.28 |
| जम्मा | | | | | 257194.73 |
| पैराड तोमो चौर सडक | | | | | |
| नरम माटो | 52.27 | 69.45 | 17.18 | 2760.9 | 47432.26 |
| कडा माटो | 52.27 | 92.56 | 40.29 | 4125.2 | 166204.3 |
| नरम चट्टान | 156.83 | 320.13 | 163.3 | 571 | 93244.3 |
| कडा चट्टान | 1482.5 | 1406.4 | -76.1 | 258 | -19633.8 |
| | | | | | 287247.06 |

| | | | | | |
|---|---|---|---|---|---|
| जम्मा | | | | | |
| सोल्लेक इश्वर काँडा सडक | | | | | |
| नरम माटो | 52.27 | 69.45 | 17.18 | 2525.75 | 433921.38 |
| कडा माटो | 52.27 | 92.56 | 40.29 | 2172.75 | 87540.09 |
| नरम चट्टान | 156.83 | 200.79 | 43.9 | 223 | 9803.08 |
| मध्यम चट्टान | 156.83 | 320.13 | 163.3 | 504 | 82303.2 |
| कडा चट्टान | 1482.5 | 1406.4 | -76.1 | 381.25 | 290121.12 |
| जम्मा | | | | | 194025.93 |
| भिडिकार बाइसधारा विउनाडा सडक | | | | | |
| नरम माटो | 52.27 | 69.45 | 17.18 | 2393.8 | 41125.48 |
| कडा माटो | 52.27 | 92.49 | 40.22 | 9417.3 | 378763.8 |
| कडा चट्टान | 1482.5 | 1406.4 | -76.1 | 315.5 | -24009.55 |
| जम्मा | | | | | 395879.73 |
| धौलाढुङ्गा सडक | | | | | |
| कडा माटो | 52.27 | 310 | 257.73 | 162.37 | 41847.62 |
| नरम चट्टान | 156.83 | 800 | 643.17 | 394.81 | 253929.95 |
| कडा चट्टान | 1482.5 | 1382 | -100.5 | 1140.58 | -114628.29 |
| जम्मा | | | | | 181149.28 |
| परिवगर देखि सौनोडी सडक | | | | | |
| नरम माटो | 52.27 | 69.4 | 17.13 | 4875.65 | 83519.88 |
| कडा माटो | 52.27 | 92.49 | 40.22 | 11292.9 | 454200.84 |

| | | | | | |
|---|---|---|---|---|---|
| कडा चट्टान | 1482.5 | 1406.16 | -76.34 | 83.6 | -6382.02 |
| जम्मा | | | | | 531338.7 |
| थानापाटन पर्यटकीय सडक स्तरोन्नति | | | | | |
| नरम माटो | 52.27 | 68.21 | 15.94 | 1279.58 | 20396.5 |
| कडा माटो | 52.27 | 90.73 | 38.46 | 2569.23 | 98812.58 |
| नरम चट्टान | 156.83 | 193.96 | 37.13 | 1195.3 | 44381.48 |
| कडा चट्टान | 1482.5 | 1400.26 | -82.24 | 732.9 | -60273.69 |
| जम्मा | | | | | 103316.87 |
| खिरताडी अराडी सडक स्तरोन्नती | | | | | |
| कडा माटो | 52.27 | 92.49 | 40.22 | 1260.08 | 50680.41 |
| नरम चट्टान | 156.83 | 200.52 | 143.69 | 1890.12 | 82579.34 |
| जम्मा | | | | | 133259.75 |
| दोगडे देखि धौलाकाँडा सडक | | | | | |
| कडा माटो | 52.27 | 92.49 | 40.22 | 2336.32 | 939661.79 |
| नरम चट्टान | 156.83 | 200.52 | 43.69 | 1752.34 | 76555.36 |
| मध्यम चट्टान | 156.83 | 320 | 163.17 | 1168.24 | 190621.72 |
| कडा चट्टान | 1482.5 | 1406.16 | -76.34 | 584.08 | 44588.66 |
| जम्मा | | | | | 316555.21 |
| नगरभित्रका सडक निर्माण तथा स्तोरन्नती | | | | | |
| नरम माटो | 52.27 | 69.4 | 17.12 | 11919.6 | 204182.74 |
| कडा माटो | 52.27 | 92.49 | 40.22 | 5108.4 | 205459.84 |

| | | | | | |
|---|---|---|---|---|---|
| जम्मा | | | | | 409642.58 |
| टाक्सीगाड देखि शारदा मा वि धौलाकाँडा सडक | | | | | |
| नरम माटो | 52.27 | 66.11 | 13.84 | 8510.8 | 117789.47 |
| कडा माटो | 52.27 | 88.35 | 36.08 | 11701.2 | 422179.29 |
| कडा चट्टान | 1482.5 | 1315.1 | -167.4 | 496 | 83030.4 |
| जम्मा | | | | | 456938.36 |
| कूल जम्मा | | | | | 4735712.4 |

अतः पालिकाबाट उपभोक्ता समिति मार्फत भएका सडक निर्माण कार्यको लागि तयार गरेको लागत अनुमानमा सडक विभागको नर्म्स भन्दा फरक दर तय भए बाट निम्नानुसार बढि भुक्तानी भएको देखियो । बढि भुक्तानी सम्बन्धित उपभोक्ता समितिहरुबाट असुल हुनुपर्ने रु

| | | | | | |
|---|---|---|---|---|---|
| ५४ | | | **सामाजिक सुरक्षा परिचयपत्र नविकरण-**<br>सामाजिक सुरक्षा भता पाउनेहरुको परिचयपत्र नविकरण कार्यको लागि 3 जना एम.आई.एस. अपरेटर नियुक्त गरी 2 जनालाई 28,200/- र एक जनालाई 26,610/- का दरले 13 महिनाको रु. 10,79,130/- भुक्तानी गरेको छ।भौ.नं. 23-2077/6/27 बाट परिचयपत्र नविकरण शिविर सञ्चालन गरेको भनी अक्कल बहादुर बिष्टलाई रु.2,63,715/- भुक्तानी गरेको पाइयो।शिविर सञ्चालन गरी परिचयपत्र नविकरण गरेको खण्डमा 3 जना अपरेटरले वर्षै भरी गरिने काम देखिदैन। सम्बन्धित वडामा गएर विवरण संकलन गर्न त्यती धेरै जनशक्तिको आवश्यता देखिदैन भने समान्य परिचयपत्र नविकरण गर्नको लागि शिविर सञ्चालनको आवश्यकता नरहेको अवस्थामा थप व्ययभार पार्ने गरी कार्य गरेको देखिएकोले मितव्ययिता अपनाउने तर्फ ध्यानाकर्षण गराउँदै एम.आई.एस. अपरेटरले गर्ने काममा शिविरको खर्च अनुपयुक्त देखिएको रु. | | २६३,७१५ |
| ५५ | | | **कर दाखिला भौचर नभएको-**<br>एन.के.पी. कन्सट्रक्सनको नाममा मुल्य अभिवृद्धि कर र अग्रिम कर दाखिला भनी रु. 4,38,633/- खर्च लेखेकोमा सम्बन्धित राजश्व खातामा रकम दाखिला गरेको बैंक भौचर पेश नभएकोले दाखिला प्रमाण पेश हुनुपर्ने रु. | | ४३८,६३३ |
| ५६ | | | **प्राविधिक मूल्याङ्कन नभएको-**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ मा विना कुनै प्रयोजन सार्वजनिक निकायले खर्च गर्न नहुने व्यवस्था छ । रकम खर्च गर्दा सो रकमलाइ पुष्टाइ गर्ने कागजात समावेश गर्नुपर्दछ । भौ.नं.41-2077/3/30 बाट दूर्गाथली धार्मिक सडकको रु. 14,00,000/- र अघिल्लो वर्षको रु. 15,00,000/- समेत कुल रु. 29,00,000/- खर्च भएकोमा लागत अनुमान, सम्झौता, कार्य सम्पन्न प्रतिवेदन, अन्तिम बिल फोटो समेत संलग्न नभएकोले प्रमाण कागजात पेश हुनुपर्ने रु. | | १,४००,००० |
| ५७ | | | **हरिश्चन्द्र माविं २ कोठे भवन-**<br>भौ.नं.67-2077/7/17 बाट भवन निर्माणको अन्तिम किस्ता रु. 8,00,000/- भुक्तानी भएकोमा अन्तिम बिल, कार्य सम्पन्न प्रतिवेदन र भवनको फोटो समेतको प्रमाण पेश हुनुपर्ने रु.<br>कार्यालयको मिति २०७८।१२।११ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु८०००००। मिति २०७९।१।१२ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो । | | |

| | | | | |
|---|---|---|---|---|
| ५८ | | | **दुर्गा भगवती प्राविं भवन-**<br>भौ.नं.78-2077/7/24 बाट गत वर्षको बाँकी रकम रु. 8,00,000/- भुक्तानी गरेकोमा अन्तिम बिल, कार्य सम्पन्न प्रतिवेदन, विद्यालयको फोटो समेत पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु.<br>कार्यालयको मिति २०७८।१२।११ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु८०००००। मिति २०७९।१।१२ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो । | |
| ५९ | | | **शालिग्राम आवि भवन-**<br>भौ.नं.77-2077/7/24 बाट गत वर्षको बाँकी रकम रु. 8,00,000/- भुक्तानी गरेकोमा अन्तिम बिल, कार्य सम्पन्न प्रतिवेदन, विद्यालयको फोटो समेत पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु.<br>कार्यालयको मिति २०७८।१२।११ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु८०००००। मिति २०७९।१।१२ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो । | |
| ६० | | | **परामर्श सेवा टुक्रा पारी खरिद-**<br>सार्वजनिक खरिद नियमावली 2064 को नियम 12 मा परामर्श सेवाको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ।कार्यालयले लागत अनुमान तयार गरी स्वीकृत गरे पश्चात परामर्श सेवा लिनु पर्नेमा परामर्शदाताबाट दररेट लिएर कार्य गरेको पाइयो भने एउटा प्याकेजमा परामर्श सेवा खरिद नगरी नियमको सिमा भन्दा बढी रकम टुक्रा पारी खरिद गरेको नियमसम्मत देखिएन भने लागत अनुमान सम्म कार्यालयले तयार गरी स्वीकृत नगरेको हुँदा परामर्शदाताले पेश गरेका दररेट कुन नर्म्स, निर्देशिकाका दररेट छन स्पष्ट हुदैन।अतः भुक्तानी भएका दररेट स्वीकृत नर्म्स निर्देशिका बमोजिम भएको पुष्टयाई पेश गर्नुपर्न अनियमित खर्च रु. | २,०६०,८७० |

| भौ.नं./मिति | परामर्शदाता | काम | रकम |
|---|---|---|---|
| 116-2077/8/3 | खप्तड ईन्जिनियरिङ्ग सोलुसन | सडक भवन | 563870 |
| | जि.एस. ईन्जिनियरिङ्ग सोलुसन | नगरपालिका भवन | 499000 |
| | मर्निङ्ग स्टार ईन्जिनियरिङ्ग | कल्भर्ड | 499000 |
| | एभरेष्ट ईन्जिनियरिङ्ग | कल्भर्ड | 499000 |
| | जम्मा | | 2060870 |

| | | | | |
|---|---|---|---|---|
| ६१ | | | **भगवती मावि शैला शौचालय-**<br>भौ.नं.128-2077/9/27 बाट रु. ३१५०००/- भुक्तानी भएकोमा विद्यालय व्यवस्थापन समितिको निर्णय, वडाको सिफारिस, फोटो पेश नभएकोले प्रमाण पेश हुनुपर्ने रु.<br>कार्यालयको मिति २०७८।१२।११ को प्रतिक्रिया उपर कारवाही हुँदा यस बुँदामा रहेको रु३१५०००। मिति २०७९।१।१२ मा फछ्र्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिनेसम्म प्रयोजनका लागि यहाँ दर्शाइएको हो । | |
| ६२ | | | **नवयुग प्रावि २ कोठे भवन-**<br>भौ.नं.247-2077/10/7 बाट रु. 6,30,000/- भुक्तानी भएकोमा प्राविधिक मूल्याङ्कन, जाँचपास, फोटो सहितको प्रमाण पेश नभएको रु. | ६३०,००० |
| ६३ | | | **शिविर सञ्चालन-** | ४३५,००० |

| | | | | |
|---|---|---|---|---|
| | | | भौ.नं.296-2077/10/20 बाट शिविर सञ्चालन बापत NOVA Hospital Pvt. Ltd. लाई रु. 4,35,000/- भुक्तानी गरेको छ।हस्पिटल संस्था भएकोले संस्थाको रकम बैंक खातामा दिनु पर्दछ।विभिन्न बिल भरपाई संलग्न गरेको हुँदा सो रकम NOVA Hospital को खातामा जम्मा भएको प्रमाण पेश गर्नुपर्ने रु. | |
| ६४ | | | **असान्दर्भिक पुस्तक खरिद-**<br>कार्यक्रम कार्यान्वयन पुस्तिका 2077/78 को क्रियाकलाप नम्बर 2.7.13.13 मा विद्यालयको पुस्तकालय सम्बन्धी व्यवस्था छ।विद्यालयले विद्यार्थीहरुलाई विद्यालय शिक्षासँग सम्बन्धित पुस्तक मात्र खरिद गरी पुस्तकालयमा राख्नुपर्ने व्यहोरा समेत उल्लेख छ।भौ.नं.339-2077/11/9 बाट महेन्द्र मा.वि. गौरीज्यावनलाई पुस्तकालयको रु. 2,50,000/- भुक्तानी दिएकोमा प्रस्तुत बिल भरपाईमा खरिद गरिएका पुस्तकहरु विद्यालय शिक्षामा प्रयोग हुने भन्दा फरक छन।विद्यार्थीलाई कम उपयोगी हुने अर्थात विद्यार्थीले अध्ययन गर्ने समय तथा उमेरका कारण ती पुस्तक अध्ययन गर्न सान्दर्भिक हुने देखिएन ।पुस्तकका केही उदाहरणहरु निम्नानुसार छनः-<br>1. गिरिराज प्रसाद कोइराला<br>2. कृष्ण प्रसाद भट्टराई<br>3. गीतामा के छ<br>4. अमेरिकाको इतिहास<br>5. नरेन्द्र मोदी<br>6. गणेशमान सिंह<br>7. ओशो<br>यस प्रकार अनुदान रकमबाट विद्यार्थीले लाभ लिन नसक्ने देखिएको छ। | |
| ६५ | | | **कसाडी वगर भगवती मावि सडक**-<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ मा विना कुनै प्रयोजन सार्वजनिक निकायले खर्च गर्न नहुने व्यवस्था छ । रकम खर्च गर्दा सो रकमलाइ पुष्टाइ गर्ने कागजात समावेश गर्नुपर्दछ । भौ.नं.525-2078/2/14 बाट उक्त सडक निर्माणको लागि रु. 4,71,670/- भुक्तानी गरेकोमा प्राविधिक मूल्याङ्कन, उपभोक्ता समितिको निर्णय, बिल/भरपाई, फोटो संलग्न नभएको रु. | ४७१,६७० |
| ६६ | | | **बागिखान देखि रेरुबाडा सडक-**<br>भौ.नं. 599-2078/3/4 बाट रु. 8,04,952/- भुक्तानी गरेकोमा नापी किताब कार्य सम्पन्न प्रतिवेदन, उपभोक्ता समितिको निर्णय, फोटो बिल भरपाई संलग्न नभएकोले प्रमाण पेश हुनुपर्ने रु. | ८०४,९५२ |
| ६७ | | | **भ्रमण प्रतिवेदन-**<br>भ्रमण खर्च निमयमावली 2064 को नियम 18 मा भ्रमण प्रतिवेदन दिनुपर्ने उल्लेख छ भने नियम 21 मा भ्रमण अभिलेख राख्नुपर्ने र नियम 23 मा यस नियमावली बमोजिम पाउने सुविधा लिने प्रायोजनको लागि झुठ्ठा विवरण पेश गरी भुक्तानी लिएको ठहरेमा झुठ्ठा विवरण पेश गरी भुक्तानी लिएको रकमको दोब्बर रकम असुल गरी कारबाही समेत गरिने व्यवस्था छ।भौ.नं. 757-2078/3/27 बाट ई. बिक्रम बहादुर गुरुधामीलाई रु. 5,33,870/- को चेक बुझाएको छ।निजको पटक-पटकको भ्रमण बिल अनुसार रु. 1,85,410/- छ भने बाँकी रकमको भ्रमण आदेश बिल छैन।भ्रमण आदेश दर्ता नभएको, भ्रमण आदेशमा भ्रमण गर्ने स्थान नखुलाएको, भ्रमण विलमा कहाँदेखी कहाँसम्म नखुलाई जीप भाडा दाबी गरेको भ्रमण प्रतिवेदन नभएको, निवेदन कार्यालययमा दर्ता नभएको देखिएकोले भ्रमण गरेको हो भन्ने आधार प्रमाण भएन। तसर्थ सो रकम असुल हुनुपर्ने रु.५३३८७०।<br><br>क) भ्रमण खर्च निमयमावली 2064 को नियम 18 मा भ्रमण प्रतिवेदन दिनुपर्ने उल्लेख छ भने नियम 21 मा भ्रमण अभिलेख राख्नुपर्ने र नियम 23 मा यस नियमावली बमोजिम पाउने सुविधा लिने प्रायोजनको लागि झुठ्ठा विवरण पेश गरी भुक्तानी लिएको ठहरेमा झुठ्ठा विवरण पेश गरी भुक्तानी लिएको रकमको दोब्बर रकम असुल गरी कारबाही समेत गरिने व्यवस्था छ।भौ.नं. 770-2078/3/28 बाट अ.स.ई. विनोद बहादुर सिंहलाई रु. | ८८१,७४९ |

| | | | | |
|---|---|---|---|---|
| | | | 3,47,879/- को भ्रमण खर्चको चेक बुझाएको छ।45 वटा भ्रमण बिलको जोडजम्मा रु. 2,53,570/- हुन्छ बाँकी रकमको बिल भरपाई छैन भने सो समयको हाजिर, भ्रमण अभिलेख, प्रति भ्रमण प्रतिवेदन पेश नभएकोले बिल भन्दा बढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु.९४३०९<br><br>ख) उपर्युक्त बमोजिमको प्रमाण कागजात पेश गर्ने अन्यथा असूल हुनुपर्ने रु.२५३५७० | |
| ६८ | | | **काम नगरेको आईटमको भुक्तानी-**<br>भौ.नं. 52-2078/3/24 बाट सिद्धनाथ आधारभुत भवन निर्माणको रु. 9,39,999/- भुक्तानी गरेकोमा ह्वाइट सिमेन्ट र पेन्टिङ्गको काम नभएको फोटो पेश भएको हुँदा काम नगरी कार्य सम्पन्न जनाएर भुक्तानी दिएको रकम असुल हुनुपर्ने रु. | २०,३०८ |
| ६९ | | | **कार्य सम्पन्न नहुदै अन्तिम भुक्तानी-**<br>भौ.नं. 50-2078/3/24 बाट रत्न मा.वि. खोल्लेक 3 लाई भवन निर्माणको रु. 8,66,000/- (पहिलो भुक्तानी भै बाँकी रकम) भुक्तानी गरी कार्य सम्पन्न प्रतिवेदन तयार गरेकोमा प्रस्तुत फोटोमा ढलान मात्र गरेको र बाँकी काम नभएको देखियो। अतः काम नसकिदै कार्य सम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी गर्ने गराउने लाई जिम्मेवार बनाई तोकिए बमोजिमका सबै काम सम्पन्न भएका प्रमाण पेश गर्नुपर्ने रु. | ८६६,००० |
| ७० | | | **करारमा कर्मचारी-**<br>पालिकाले कुनैपनि कर्मचारी भर्ना गर्दा व्याक्तिगत विवरण उपलब्ध गराएर मात्र करार कर्मचारी भर्ना गर्न पाउने व्यवस्था छ ।पालिकाले कोभिडको समयमा करार सम्झौतामा तोकिएको काम गर्ने मात्रै भनी गणेश वहादुर भण्डारी र ललित बहादुर सिंहलाइ दिनको १००० का दरले ९० दिनको ९०००० र चाडपर्व खर्च वापत रु ३०००० दिने गरी रु २४०००० भुक्तानी गरेको छ । यी कर्मचारीहरुलाइ करार सेवा शर्त अनुसार उल्लेख गर्नुपर्ने कागजात वेगर भर्ना गरेको छ । न्यूनतम ६ महिना कार्य गरे पछि मात्र चाडपर्व खर्च पाउनेमा अवधि नपुग्दै दिएको चाडपर्व खर्च रकम असुल गर्नुपर्ने रु | ६०,००० |
| ७१ | | | **विलभर्पाई नभएको-**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । निम्न गो भौ र मितिमा पालिकाबाट खर्च लेख्दा सो रकमलाइ पुष्टी गर्ने कागजात नभएकोले प्रमाण पेश गर्नुपर्ने रु | ३,५६९,९२९ |

| सिन | गो भौ । मिति | कार्यक्रम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | गापा चालूको<br>६१।<br>२०७७।७।३ | कोरोना नियन्त्रण तथा रोकथाम नियन्त्रण वापत यातायात खर्च वापत सि अ हे व भूमिराज जोशीलाइ भुक्तानी भएको रकम वितरण गरेको वितरण भर्पाइ नभएको | १०३४४० |
| २ | शसर्तको<br>१२०।<br>२०७७।९।१४ | बैक नगदि किताबमा वजेट खर्च लेखेकोमा सो लाई पुष्टी गर्ने कागजात उपलब्ध नभएको | १००००० |
| ३ | २४८।<br>२०७८।३।२१ | मेच्चोर परिवगर सडक लाइ अन्तिम भुक्तानी वापत बैक नगदी किताबमा खर्च लेखेकोमा सो लाइ पुष्टि गर्ने कागजात उपलब्ध नभएको | १९६०९८९ |
| ४ | २६१।<br>२०७८।३।२२ | आर एल ओखर ब्राखा पालन फर्मलाइ अनुदान वापत रु ८०००० भुक्तानी भएकोमा सो लाइ पुष्टि हुने कागजात उपलब्ध नभएको | ८०००० |
